# विज्ञान, प्रविधि, नवप्रवर्तन तथा विकास कोष नियमावली, २०८३

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

बागमती प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालय

हेटौंडा, नेपाल।

# विज्ञान, प्रविधि, नवप्रवर्तन तथा विकास कोष नियमावली, २०८३

<u>प्रदेश राजपत्रमा प्रकाशन मिति</u>

२०८३।०१।२८

विज्ञान, प्रविधि, नवप्रवर्तन तथा विकास कोष ऐन, २०८१ को दफा २० ले दिएको अधिकार प्रयोग गरी बागमती प्रदेश सरकारले देहायका नियमहरु बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यी नियमहरुको नाम "विज्ञान, प्रविधि, नवप्रवर्तन तथा विकास कोष नियमावली, २०८३" रहेको छ।

(२) यो नियमावली प्रदेश राजपत्रमा प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. **<u>परिभाषाः</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "अनुसन्धान" भन्नाले व्यावहारिक विज्ञान तथा प्रविधिको क्षेत्रमा नयाँ ज्ञानको सिर्जना, ज्ञानको प्रमाणीकरण, परिष्कृत वा विस्तार गर्ने उद्देश्यले कुनै विषय वा समस्याको व्यवस्थित अध्ययन वा विश्लेषण गर्ने कार्य सम्झनु पर्छ।

(ख) "आविष्कार" भन्नाले वैज्ञानिक ज्ञान, सीप र विचारको संयोजनमार्फत् प्रचलनमा नभएका नयाँ उपकरण, विधि, प्रक्रिया, प्रणाली वा प्रविधिको सिर्जना गर्ने कार्य सम्झनु पर्छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(ग) "आयोजना" भन्नाले कोषको अनुदान वा कोष स्वयंको लगानीमा सञ्चालित कार्यक्रम वा परियोजना सम्झनु पर्छ।

(घ) "उपसमिति" भन्नाले ऐनको दफा १३ बमोजिम गठित उपसमिति सम्झनु पर्छ।

(ङ) "ऐन" भन्नाले विज्ञान, प्रविधि, नवप्रवर्तन तथा विकास कोष ऐन, २०८१ सम्झनु पर्छ।

(च) "नवप्रवर्तन" भन्नाले मौलिक ज्ञान, प्रविधि वा अभ्यासबाट नयाँ मूल्य सिर्जना वा रुपान्तरण गर्ने प्रक्रिया सम्झनु पर्छ।

(छ) "निर्देशक समिति" भन्नाले ऐनको दफा १६ बमोजिमको निर्देशक समिति सम्झनु पर्छ।

(ज) "प्रदेश" भन्नाले बागमती प्रदेश सम्झनु पर्छ।

(झ) "प्रविधि-उद्यमोदय" भन्नाले प्रविधिमा आधारित उद्यम स्थापना गर्ने कार्य सम्झनु पर्छ।

(ञ) "प्रोटोटाइप" भन्नाले आविष्कार वा नवप्रवर्तनबाट विकसित नमूना वा मोडेल सम्झनु पर्छ।

(ट) "विज्ञान, प्रविधि-उद्योमदय केन्द्र" भन्नाले व्यावहारिक विज्ञान तथा प्रविधिको अनुसन्धान, नवप्रवर्तन र प्रविधि उद्यमशीलता प्रवर्द्धन गर्न स्थापना गरिएको केन्द्र सम्झनु पर्छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(ठ) "विषय विज्ञ" भन्नाले ऐनको दफा १४ बमोजिम नियुक्त विषय विज्ञ सम्झनु पर्छ।

(ड) "वैज्ञानिक" भन्नाले व्यावहारिक विज्ञान तथा प्रविधिको क्षेत्रमा अनुसन्धान, आविष्कार वा नवप्रवर्तन गर्ने व्यक्ति सम्झनु पर्छ।

(ढ) "मन्त्रालय" भन्नाले बागमती प्रदेश सरकारको विज्ञान तथा प्रविधि विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(ण) "मेन्टर" भन्नाले अनुसन्धानकर्ता, आविष्कारक, नवप्रवर्तक वा प्रविधि-उद्यमीलाई मार्गदर्शन गर्ने व्यक्ति सम्झनु पर्छ।

(त) "सचिवालय" भन्नाले ऐनको दफा ३ को उपदफा (२) बमोजिमको कोषको सचिवालय सम्झनु पर्छ।

३. **कोषको सचिवालय तथा कर्मचारीः** (१) कोषको सचिवालय मन्त्रालयमा रहनेछ।

(२) कोषले आवश्यकता अनुसार अन्य स्थानबाट समेत कोषको कार्य सम्पादन गर्न सक्नेछ।

(३) मन्त्रालयको सचिवले कोषको सचिवालय प्रमुख भई कार्य गर्नेछ।

(४) मन्त्रालयले कोषका लागि आवश्यक जनशक्तिको व्यवस्था मिलाउनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

४. **<u>सचिवालयको काम, कर्तव्य र अधिकारः</u>** सचिवालयको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) सञ्चालक समितिबाट पारित कार्यक्रम कार्यान्वयन गर्ने,

(ख) निर्देशक समिति तथा सञ्चालक समितिको निर्देशन तथा निर्णयको कार्यान्वयन गर्ने,

(ग) कोषको वार्षिक कार्यक्रम तयार गरी सञ्चालक समितिमा पेस गर्ने,

(घ) अनुसन्धान, नवप्रवर्तन, प्रविधि-उद्यमोदयका प्रस्ताव सङ्कलन, मूल्याङ्कन र छनोट प्रक्रियाको व्यवस्थापन गर्ने,

(ङ) विज्ञान, प्रविधि, नवप्रवर्तनसँग सम्बन्धित संस्थासँग समन्वय गर्ने,

(च) विषय विज्ञ र मेन्टरको सूची तयार गरी आवश्यकता अनुसार कोषको काममा लगाउने,

(छ) कोषको वार्षिक प्रतिवेदन तयार गर्ने,

(ज) कोषको कामकारबाहीसँग सम्बन्धित अभिलेख दुरुस्त र अद्यावधिक राख्ने,

(झ) सञ्चालक समितिले तोकेका अन्य कार्य गर्ने।

५. **<u>कोषको अधिकारः</u>** ऐनको दफा ११ मा उल्लिखित अधिकारको अतिरिक्त कोषको अधिकार देहाय बमोजिम हुनेछः-

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(क) व्यवहारिक विज्ञान तथा प्रविधि विकासमा अनुसन्धान, नवप्रवर्तन र प्रविधि-उद्यमोदयका कार्यहरू सञ्चालन र प्रवर्द्धन गर्ने,

(ख) प्रतिभा पहिचान र प्रोत्साहन गर्न नवप्रवर्तन वृत्ति कार्यक्रम सञ्चालन गर्ने,

(ग) सार्वजनिक शिक्षण संस्थामा व्यावहारिक विज्ञान, प्रविधि र नवप्रवर्तन सम्बन्धी प्रवर्द्धनात्मक कार्यक्रमहरू सञ्चालन गर्ने,

(घ) नवप्रवर्तकको आइडिया तथा प्रोटोटाइप उपयोगिताको परीक्षण र इन्कुवेसनमा सहयोग गर्ने,

(ङ) व्यवहारिक विज्ञान, प्रविधि र नवप्रवर्तनको क्षेत्रमा कार्यरत संस्थासँग प्रविधि, ज्ञान, सीप, अनुभव र सहयोग आदान-प्रदान गर्ने,

(च) रैथाने तथा व्यावहारिक ज्ञान, सीप र प्रविधिको खोज, अनुसन्धान र नवप्रवर्तन गरी स्तरवृद्धि र व्यवसायीकरण गर्न सहयोग गर्ने,

(छ) प्रदेशको जैविक विविधता, प्राकृतिक स्रोत, रैथाने तथा परम्परागत बौद्धिक सम्पत्ति तथा दक्ष जनशक्तिको अभिलेख राख्ने र वार्षिक अद्यावधिक गर्ने,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(ञ) अनुसन्धान, नवप्रवर्तन र प्रविधि-उद्यमोदयमा संलग्न विषय विज्ञ तथा मेन्टरको सूची स्वीकृत र अद्यावधिक गर्ने,

(झ) कोषको तर्फबाट बाह्य परियोजनामा प्रस्ताव पेस गर्ने, परियोजना प्राप्त गर्ने र प्राप्त परियोजना कोष मार्फत् सञ्चालन गर्ने, गराउने,

(ञ) प्रविधियुक्त साना तथा मझौला उद्यमको पहिचान गर्ने, उपयुक्त प्रविधि विकास गर्ने र प्रदेशमा बृहत संख्यामा प्रविधि-उद्यमीहरू सृजना गर्ने,

(ट) बालबालिका तथा युवा विद्यार्थीहरूमा वैज्ञानिक संस्कारको विकास गर्ने, उद्यम-उद्यमशीलता र खोजमूलक अनुसन्धान र नवप्रवर्तनका विविध कार्यक्रमहरू सञ्चालन गर्ने,

(ठ) प्रदेशको समृद्धिमा उत्कृष्ट योगदान गर्ने वैज्ञानिक, नवप्रवर्तक, आविष्कारक, प्रविधि उद्यमोदयी-हरूलाई सम्मान गर्ने,

(ड) अशक्त, अटिजम वा अपाङ्गता भएका व्यक्तिको जनजीविका सहजीकरणका लागि उपयुक्त प्रविधिको विकास गर्ने,

(ढ) विज्ञान तथा प्रविधिमा आधारित अर्थतन्त्रमा रुपान्तरण गर्न विविध नवप्रवर्तनात्मक उपायहरू अवलम्वन गर्ने कार्यक्रम सञ्चालन गर्ने,

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

(ण) कोषको उद्देश्य बमोजिमका कार्यहरु स्थानीय तहसम्म विस्तार गर्ने,

(त) कोषलाई आवश्यक नभएका वैज्ञानिक उपकरण तथा भौतिक सामाग्रीहरू सार्वजनिक संस्थालाई अनुदान स्वरूप प्रदान गर्न सक्ने।

६. **<u>कोषको लगानीको आधार र मापदण्डः</u>** ऐनको दफा १२ बमोजिमका क्षेत्रहरूमा गरिने अनुसन्धान, नवप्रवर्तन, आविष्कार र प्रविधि-उदयमोदयको आधारहरु देहाय बमोजिम हुनेछन्ः-

(क) प्रस्तावित विज्ञान तथा प्रविधि सम्बन्धी आयोजना तथा कार्यक्रम व्यावहारमुखी सोच भएको,

(ख) नवीन प्रोटोटाइप, विधि वा प्रविधिको विकास वा अभिवृद्धि गरी उद्यमको विकास र प्रयोगमा आउने सम्भावना भएको,

(ग) आयोजनाबाट प्राप्त उपलब्धी वा नतिजाले प्रदेशमा प्रविधि अर्थतन्त्रको विकास र सामाजिक रुपान्तरणमा योगदान पुऱ्याउने सम्भावना भएको,

(घ) कोषको उद्देश्य हासिल गर्ने र कोषले तोकेको लगानीको क्षेत्र भएको,

(ङ) बागमती प्रदेशको आर्थिक विकासमा टेवा पुग्ने सम्भावना भएको,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(च) रोजगारी सृजना र नागरिकको जीवनस्तर सुधार गर्ने सम्भावना भएको,

(छ) आयोजनाको लागत यथार्थ परक तथा औचित्यपूर्ण भएको,

(ज) आयोजना तोकिएको समयभित्र सम्पन्न गर्ने सुनिश्चितता भएको,

(झ) आयोजनाको प्रस्ताव कोषको ऐन, नियम र कार्यविधि अनुरूप पेस गरिएको।

७. **प्रस्ताव आह्वानको प्रक्रियाः** (१) ऐनको दफा १२ मा उल्लिखित विषयगत क्षेत्रमा सञ्चालक समितिले निर्धारण गरे बमोजिम अनुसन्धान, नवप्रवर्तन र प्रविधि उद्यमोदयको लागि सार्वजनिक सूचना मार्फत् अवधारणापत्र आह्वान गर्न सक्नेछ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनैपनि नवीनतम सोंचमा अनुसन्धान वा नवप्रवर्तन गर्न चाहने व्यक्ति वा संस्थाले कोषको सचिवालयमा जुनसुकै समयमा आफ्नो अवधारणा पत्र पेस गर्न सक्नेछ।

(३) उपनियम (१) र (२) बमोजिम प्रस्तावित अवधारणापत्र प्रदेशको आर्थिक विकास र सामाजिक रुपान्तरणमा योगदान गर्ने र उद्यमशीलता हासिल गर्ने सुनिश्चितता भएको हुनु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(४) निर्देशक समितिले आवश्यक ठानेको विषयमा सञ्चालक समितिले विषय विज्ञहरूसँग परामर्श गरी अनुसन्धान, नवप्रवर्तन र प्रविधि-उद्यमोदयको कार्य अघि बढाउन सक्नेछ।

८. **प्रस्तावको छनोटः** (१) नियम ७ बमोजिम प्राप्त अवधारणापत्रको प्रस्तावहरु उपर सचिवालयले गोप्यरूपमा प्रस्तावकको व्यक्तिगत पहिचान नखुल्ने गरी विषयगत क्षेत्र र प्राथमिकताका आधारमा वर्गीकरण गर्नेछ।

(२) उपनियम (१) बमोजिम वर्गीकरण गरी योग्य ठहरिएका प्रस्तावको मूल्याङ्कन कोषमा सूचिकृत सम्बन्धित क्षेत्रका दुईजना विषय विज्ञद्वारा गरिनेछ।

(३) उपनियम (२) बमोजिमका विज्ञहरुले प्रस्ताव प्राप्त गरेको पन्ध्र दिनभित्र आफ्नो राय सहितको मूल्याङ्कन प्रतिवेदन कोषको सचिवालयमा पेस गर्नु पर्नेछ।

(४) उपनियम (३) बमोजिमको मूल्याङ्कनमा छनोट भएका प्रस्ताव उपर विज्ञहरूको राय सुझाव समेटेर प्राविधिक उपसमितिको सिफारिसमा कोषको सचिवालयले पूर्ण प्रस्ताव तयार गर्न प्रस्तावकलाई पन्ध्र दिनको समय दिनेछ।

(५) उपनियम (४) बमोजिमको प्रस्ताव प्राप्त भएको मितिले पन्ध्र दिनभित्र उपनियम (२) बमोजिमका विज्ञ सदस्यका अतिरिक्त थप एकजना विषय विज्ञ रहेको विज्ञको समूहबाट पुनः मूल्याङ्कन गरिनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(६) उपनियम (५) बमोजिम मूल्याङ्कन भई आएको प्रस्ताव सम्बन्धित प्राविधिक उपसमितिमा छलफल गर्दा अनुदानयोग्य भएमा आवेदकले आफ्नो प्रस्ताव विज्ञसहितको मूल्याङ्कन उपसमितिमा प्रस्तुतीकरण गर्नु पर्नेछ।

(७) उपनियम (६) बमोजिम प्रस्तुतीकरणमा प्राप्त सुझाव वा समेट्नुपर्ने विषयहरू समेटेर आवेदकले संशोधन सहितको प्रस्ताव पन्ध्र दिनभित्र कोषको सचिवालयमा बुझाउनु पर्नेछ।

(८) उपनियम (७) बमोजिमको प्रस्तावलाई सञ्चालक समितिले आर्थिक स्रोत र उद्देश्यको आधारमा अनुदानका लागि छनोट गर्न सक्नेछ।

(९) कोषले उपनियम (८) बमोजिम छनोट भएका प्रस्तावको अन्तिम सूची सार्वजनिक गर्नु पर्नेछ।

(१०) उपनियम (९) बमोजिमको सार्वजनिक गरिएको कुनै प्रस्ताव उपर कसैको गुनासो भएमा सात दिनभित्र सचिवालयमा गुनासो पेस गर्न सक्नेछ।

(११) उपनियम (१०) बमोजिमको समयभित्र कुनै गुनासो प्राप्त भएमा सञ्चालक समितिबाट छानबिन गरी गुनासो सम्बोधन गर्नु पर्नेछ।

९. <u>**सम्झौता**</u>: (१) नियम ८ बमोजिम छनोट भएका प्रस्ताव उपर सचिवालयले सम्बन्धित प्रस्तावकलाई पन्ध्र दिनको समय दिई सम्झौता गर्न आउने सूचना जारी गर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(२) उपनियम (१) बमोजिमको समय सीमाभित्र मनासिव कारण बिना कोषसँग सम्झौता गर्न नआएमा त्यस्तो प्रस्ताव स्वतः रद्द हुनेछ।

(३) नियम ८ बमोजिम छनोट भएका वा स्वीकृत प्रस्ताव उपर सम्झौता गर्ने वा नगर्ने अन्तिम अधिकार कोषमा निहित रहनेछ।

(४) यस नियम बमोजिम सम्झौता गरिसकेका आयोजनाको काम सन्तोषजनक वा प्रतिफलमुखी नदेखिएमा विषय विज्ञ र प्राविधिक उपसमितिको राय सुझावमा सञ्चालक समितिले जुनसुकै बखत सम्झौता रद्द गर्न सक्नेछ।

१०. **स्वीकृत अनुदानको निकासाः** (१) नियम ९ बमोजिम सम्झौता सम्पन्न भए पश्चात् कोषले प्रथम त्रैमासिक अनुदान रकम पन्ध्र दिनभित्र निकासा गर्नु पर्नेछ।

(२) कोषले प्रत्येक त्रैमासिक अवधिमा आर्थिक तथा प्राविधिक प्रतिवेदनका आधारमा अनुदान रकम निकासा गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिम त्रैमासिक रुपमा निकासा गरिने रकम स्वीकृत प्रस्तावको त्रैमासिक क्रियाकलापका आधारमा अग्रीम एकमुष्ठ प्रदान गरिनेछ।

(४) अघिल्लो त्रैमासिकमा सम्पन्न गर्नुपर्ने कुनै क्रियाकलाप सम्पन्न हुन नसकेमा आगामी त्रैमासिकका लागि दिनुपर्ने रकमबाट

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

अघिल्लो त्रैमासिकको सम्पन्न हुन बाँकी रहेको क्रियाकलापको रकम कटाई बाँकी रकम निकासा गर्नु पर्नेछ।

(५) उपनियम (४) बमोजिम अघिल्लो त्रैमासिकमा कट्टा गरेको रकम क्रियाकलाप सम्पन्न भए पश्चात् लगतै आउने त्रैमासिक रकम निकासाको समयमा थप गरी निकासा गर्नु पर्नेछ।

(६) अनुदान प्राप्तकर्ताले छुट्टै बैंक खाता खोली अनुदानको रकम जम्मा गर्नु पर्नेछ।

(७) अनुदान प्राप्तकर्ताले रकम खर्च गर्दा बैंकिङ् प्रणाली मार्फत् भुक्तानी गर्नु पर्नेछ।

**११. <u>अनुदान रकमको दुरुपयोग गर्न नहुने</u>:** (१) अनुदान रकम सम्झौतामा उल्लिखित क्रियाकलाप बाहेक अन्यत्र खर्च गर्न पाइने छैन।

(२) अनुदान रकम ग्रहण गर्ने व्यक्ति वा निकायले प्रत्येक त्रैमासिक, वार्षिक र कार्यसम्पन्न प्रतिवेदन सम्झौता बमोजिमको अवधि समाप्त हुनुभन्दा एक हप्ता अगावै कोषको सचिवालयमा बुझाउनु पर्नेछ। त्यसरी प्रतिवेदन बुझाउँदा अनुसन्धानको क्रममा गरिएका मुख्यमुख्य क्रियाकलापको विवरण समेत समावेश गर्नु पर्नेछ।

(३) कोषले त्रैमासिक, वार्षिक र कार्य सम्पन्न, आर्थिक तथा प्राविधिक प्रतिवेदन र अनुसन्धान तथा नवप्रवर्तनका उपलब्धी विषय विज्ञद्वारा मूल्याङ्कन गराउनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

**१२. <u>अनुदान फिर्ता गर्नुपर्नेः</u>** (१) कोषसँग सम्झौता गरेपछि तीस दिनभित्र कुनै मनासिव कारण बिना आयोजना सञ्चालन वा सम्झौता बमोजिमको कार्य प्रारम्भ नगरेमा वा सम्झौता पछि आयोजना वा काम बीचमै छाडेमा सम्पूर्ण अनुदान रकम र सोको प्रचलित कानून बमोजिम लाग्ने ब्याज समेत कोषमा फिर्ता गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम अनुदान रकम फिर्ता नगरेमा प्रचलित कानून बमोजिम असुल उपर गरी निजलाई त्यसपछिको पाँच वर्षसम्म कोषबाट सञ्चालन हुने अनुसन्धान तथा नवप्रवर्तन सम्बन्धी कार्यमा संलग्न गराइने छैन।

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै भवितब्य वा प्राविधिक कारणले आयोजना अगाडि बढाउन नसकेमा विज्ञ सहितको उपसमितिबाट मूल्याङ्कन गराई बाँकी रकम कोषमा फिर्ता गर्न लगाउन सकिनेछ।

(४) आयोजना समयमा कार्य सम्पन्न हुन नसकेमा सम्झौताको अवधि समाप्त हुनुभन्दा एक महिना अगाडि सोको आधार र कारण सहित म्याद थपका लागि सञ्चालक समितिमा निवेदन दिन सकिनेछ।

(५) उपनियम (४) बमोजिम निवेदन प्राप्त भएमा सञ्चालक समितिले आयोजनाको कार्य प्रगतिको आधारमा म्याद थप गर्ने निर्णय गर्न सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(६) आयोजनाको रकम खर्च गर्दा जुन शीर्षक वा क्रियाकलापमा बजेट छुट्याइएको हो सोही शीर्षक वा क्रियाकलापमा खर्च गर्नु पर्नेछ।

(७) स्वीकृत आयोजनाको बजेट शीर्षक वा क्रियाकलाप परिवर्तन, रकम स्थानान्तरण वा समयसीमा हेरफेर गर्नु परेमा सञ्चालक समितिको स्वीकृति लिनु पर्नेछ।

१३. **<u>विषय विज्ञको काम, कर्तव्य र योग्यताः</u>** (१) कोषको विज्ञ हुन चाहने व्यक्तिले स्वघोषित व्यक्तिगत विवरण सहित आवेदन दिनु पर्नेछ र सो उपर सचिवालयले छानविन गरी कोष सञ्चालक समितिले अनुमोदन गरे पश्चात् कोषको विषय विज्ञ भई कार्य गर्न सक्नेछन्।

(२) कोषमा आवद्ध विषय विज्ञको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) कोषबाट सञ्चालित आयोजना, कार्यक्रमहरुको मेन्टर, सुपरिवेक्षण, अनुगमन र मूल्याङ्कन गर्ने,

(ख) प्रदेशको आर्थिक समृद्धिमा योगदान पुग्ने नयाँ सोच, आइडिया, विधि, प्रविधि सम्बन्धी विषयमा कोषलाई रचनात्मक सुझाव एवं पृष्ठपोषण दिने,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(ग) आयोजनाको अवधारणापत्र र पूर्ण प्रस्तावको प्रगति विवरण मूल्याङ्कन गरी कोषमा लिखित राय सुझाव दिने,

(घ) कोषको नीति, योजना र कार्यक्रम तर्जुमामा सहयोग पुऱ्याउने,

(ङ) कोषले माग गरेको विषयमा राय तथा सुझाव दिने,

(च) सञ्चालक समितिले आवश्यकता अनुसार विषय विज्ञको काम, कर्तव्य र अधिकार थपघट गर्न सक्नेछ।

१४. **<u>विषय विज्ञको योग्यताः</u>** कोषको विषय विज्ञ हुन देहाय बमोजिमको योग्यता हुनु पर्नेछः-

(क) सम्बन्धित विषयमा स्नातकोत्तरको उपाधी प्राप्त गरी कम्तीमा सात वर्ष वा विद्यावारिधीको उपाधी प्राप्त गरी कम्तीमा पाँच वर्ष प्राध्यापन, अनुसन्धान, प्रशासनिक वा व्यावसायीक दक्षता हासिल गरेको,

(ख) विज्ञान तथा प्रविधिको क्षेत्रमा नवप्रवर्तनात्मक अनुसन्धान पद्धतिको ज्ञान, सीप भएको, विज्ञान तथा प्रविधिको माध्यमबाट नवीन उत्पादन वा उत्पादनमुखी प्रणाली विकास गर्न अनुभव भएको,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(ग) व्यावहारिक विज्ञान, प्रविधि, नवप्रवर्तनको विकास र प्रदेशको भूगोल, अर्थतन्त्र र सामाजिक परिवेश र पारिस्थितिकीय प्रणाली बारे जानकार रहेको।

१५. **सम्पत्तिको संरक्षण तथा व्यवस्थापनः** (१) कोषको सम्पतिको संरक्षणको जिम्मेवारी सञ्चालक समितिको हुनेछ।

(२) कोषबाट सञ्चालित आयोजनाहरुको सम्पतिको संरक्षणको जिम्मेवारी सम्बन्धित आयोजना प्रमुखको हुनेछ।

(३) कुनै आयोजना वा कार्यक्रम सम्पन्न भएपछि प्रयोग भएका सामानहरू मर्मत गरी भविष्यमा कोषमा आबद्ध अनुसन्धानकर्ता वा नवप्रवर्तकहरूले प्रयोग गर्न सक्ने गरी विषयसँग सम्बन्धित सार्वजनिक विज्ञान, प्रविधि, नवप्रवर्तन र उद्यमोदय केन्द्रलाई अनुदानस्वरूप प्रदान गर्न सकिनेछ।

(४) उपनियम (३) बमोजिमको सामानहरूको अनुदान दिने प्रक्रिया, सञ्चालन र प्रयोग गर्ने विधि सञ्चालक समितिले निर्धारण गरे बमोजिम हुनेछ।

१६. **कोषको खाता सञ्चालनः** ऐनको दफा ५ को उपदफा (२) बमोजिमको कोषको खाता सञ्चालन मन्त्रालयको सचिव र आर्थिक प्रशासन प्रमुखको संयुक्त हस्ताक्षरबाट हुनेछ।

१७. **बौद्धिक सम्पत्तिमा अधिकारः** (१) यस नियमावली बमोजिम कोषको अनुदानबाट गरिएको अनुसन्धान तथा नवप्रवर्तनबाट प्राप्त सबै

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

प्रकारका उपलब्धी, प्रोटोटाइप तथा बौद्धिक सम्पत्ति माथिको अधिकार प्रचलित कानून बमोजिम कोषमा सुरक्षित रहनेछ।

(२) उपनियम (१) बमोजिम कोषको अनुसन्धान वा नवप्रवर्तनमा संलग्न रही बौद्धिक सम्पत्ति आर्जनमा संलग्न अनुसन्धानकर्ता वा अन्य व्यक्तिलाई पहिचान वा पुरस्कार वा तोकिए बमोजिम रोयल्टीको केही हिस्सा कोषले उपलब्ध गराउन सक्नेछ।

१८. **<u>स्वार्थको द्वन्द भएमा सहभागी हुन नहुने</u>:** (१) सञ्चालक समिति, उपसमिति वा कार्यदलको कुनै सदस्य, कर्मचारी वा विज्ञको प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा कोषमा पेस हुने कुनै प्रस्ताव वा विषयमा निजी स्वार्थ वा सम्बन्ध रहेको पाइएमा सोको जानकारी कोषलाई गराउनु पर्नेछ र त्यस्तो सदस्य, कर्मचारी, वा विज्ञले सो प्रस्ताव वा विषय उपर हुने छलफल तथा निर्णय प्रक्रियामा सहभागी हुन पाउने छैन।

(२) सञ्चालक समिति, उपसमिति वा कार्यदलको सदस्य, कोषको कर्मचारी तथा विज्ञले निम्न कार्यमा संलग्न हुन पाउने छैनन्ः-

(क) कोषसँग अनुदान वा सहुलियत कर्जा लिन,

(ख) कोषसँगको ठेक्का पट्टामा भाग लिन,

(ग) कोषसँग सम्झौता भएका कम्पनीमा साझेदार वा एजेन्टका रूपमा संलग्न हुन,

(घ) कोषको कुनै स्वार्थ समूहको सिफारिसमा बजेट वा कार्यक्रम राख्न।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

१९. **अधिकार प्रत्यायोजनः** सञ्चालक समितिले आफ्नो काम, कर्तव्य र अधिकारमध्ये कुनै काम, कर्तव्य र अधिकार सञ्चालक समितिको अध्यक्ष, सदस्य, सचिवालय प्रमुख वा उपसमितिलाई र सचिवालय प्रमुखले आफ्नो केही अधिकार मातहतका कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

२०. **आचारसंहिता** (१) सञ्चालक समितिले आवश्यकता अनुसार कोषको पदाधिकारी, कर्मचारी, कार्यदल, विषय विज्ञ, अनुसन्धानकर्ता, नवप्रवर्तक तथा उद्यमोदयीहरूको लागि आचारसंहिता बनाई लागु गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिमको आचारसंहिताको पालना गर्नु सम्बन्धित पदाधिकारी, कर्मचारी, अनुसन्धानकर्ता, नवप्रवर्तक तथा उद्यमोदयीको कर्तव्य हुनेछ।

(३) उपनियम (१) बमोजिम आचारसंहिता उल्लङ्घन गर्ने कर्मचारीलाई विभागीय कारबाही हुनेछ र अन्य पदाधिकारी तथा विज्ञले आचारसंहिता उल्लङ्घन गरेको पाइएमा त्यस्तो पदाधिकारी वा विज्ञले आफ्नो जिम्मेवारी इमान्दारीपूर्वक पूरा गरेको मानिनेछैन र भविष्यमा पुनः कोषको काममा संलग्न गराइने छैन।

२१. **प्रतिवेदन पेस र प्रकाशन गर्नु पर्नेः** (१) यस नियम बमोजिम अनुसन्धान वा नवप्रवर्तनको लागि अनुदान प्राप्त गर्ने व्यक्तिले मासिक, त्रैमासिक, वार्षिक तथा अन्तिम प्रतिवेदन कोषको सचिवालयमा पेस गर्नु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(२) उपनियम (१) बमोजिमको प्रतिवेदन सञ्चालक समितिले स्वीकृत गरेपछि मन्त्रालय मार्फत सार्वजनिक गर्नु पर्नेछ।

२२. **<u>व्यक्तिगत विवरण पेस गर्ने दायित्वः</u>** कोषसँग आवद्ध व्यक्तिहरूले स्वः घोषणा सहित व्यक्तिगत र सम्पत्ती विवरण सचिवालयमा पेस गर्नु पर्नेछ।

२३. **<u>असुल उपरः</u>** कोषबाट कुनै कारणले अलग भएका व्यक्ति वा संस्थासँग नगदी वा जिन्सी लिनुपर्ने भएको र कोषको जिम्मामा अनुदान प्रदान गरिएको बाहेक त्यस्तो व्यक्ति वा संस्थाको अन्य नगदी वा जिन्सी रहेको पाइएमा कोषले आफूले लिनुपर्ने नगदी वा जिन्सी कट्टा गरी असुल उपर वा सोधभर्ना गर्नु पर्नेछ। त्यसरी रकम असुलउपर हुन नसकेमा प्रचलित कानून बमोजिम असुल उपर गर्नु पर्नेछ।

२४. **<u>विषय विज्ञको पारिश्रमिकः</u>** कोषको कार्य गरे बापत विषय विज्ञलाई प्रदान गरिने पारिश्रमिक प्रदेश सरकारको प्रचलित सार्वजनिक खर्चको मापदण्डको अधीनमा रही सञ्चालक समितिले निर्धारण गरे बमोजिम हुनेछ।

२५. **<u>प्रस्ताव तथा सम्झौताको ढाँचाः</u>** यस नियमावली बमोजिम पेस गर्ने निवेदन, प्रतिवेदन, प्रस्ताव तथा सम्झौताको ढाँचा सञ्चालक समितिले स्वीकृत गरे बमोजिम हुनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश